## पद्मापद्म भाग्यशालीको निशानी

आज भाग्य विधाता बाबा सबै भाग्यवान बच्चाहरूलाई हेरिरहनु भएको छ। हरेक ब्राह्मण आत्मा भाग्यवान आत्मा हुन्। ब्राह्मण बन्नु अर्थात् भाग्यवान बन्नु। भगवानको बन्नु अर्थात् भाग्यवान बन्नु। भाग्यवान त सबै हुन् तर बाबाको बनेपछि बाबाद्वारा जुन भिन्न-भिन्न खजानाहरूको वर्सा प्राप्त हुन्छ, यस श्रेष्ठ वर्साको अधिकारलाई प्राप्त गरेर अधिकारी जीवनमा चल्नु वा प्राप्त भएका अधिकारलाई सदा सहज विधिद्वारा वृद्धिलाई प्राप्त गर्नु– यसमा नम्बवरवार बन्न पुग्छन्। कोही भाग्यवान रहन पुग्छन्, कोही शौभाग्यवान बन्न पुग्छन्। कोही हजार, कोही लाख, कोही पद्मापद्म भाग्यवान बन्न पुग्छन् किनकि खजानालाई विधि पूर्वक कार्यमा लगाउनु अर्थात् वृद्धिलाई प्राप्त गर्नु। चाहे स्वयंलाई सम्पन्न बनाउने कार्यमा लगाऊ, चाहे स्वयंको सम्पन्नताद्वारा अन्य आत्माहरूको सेवाको कार्यमा लगाऊ। विनाशी धन खर्च गर्नाले घट्छ। अविनाशी धन खर्च गर्नाले पद्मगुणा बढ्छ, त्यसैले भनाइ छ– खर्च गर, खाऊ। जति खर्च गर्छौ, खान्छौ त्यति शाहहरूको शाह बाबाले अझ मालामाल बनाउनु हुन्छ। त्यसैले जसले प्राप्त भएका खजानालाई सेवा अर्थ लगाउँछन्, ती अगाडि बढ्छन्। पद्मापद्म भाग्यवान अर्थात् हर कदममा पद्मको कमाई जम्मा गर्ने र हर संकल्प वा बोली, कर्म, सम्पर्कद्वारा पद्मगुणा सेवाधारी बनेर सेवामा लगाउनेवाला। पद्मापद्म भाग्यवान सदा फ्राकदिल, अविनाशी, अखण्ड महादानी, सबैप्रति सर्व खजाना दिने दाता हुन्छन्। समय वा कार्यक्रम अनुसार, साधन अनुसार सेवाधारी होइन, अखण्ड महादानी। वाचा नहुँदा पनि मनसा वा कर्मणा। सम्बन्ध-सम्पर्कद्वारा कुनै न कुनै विधिद्वारा अखुट अखण्ड खजानाको निरन्तर सेवाधारी। सेवाको भिन्न-भिन्न रूप हुन सक्छ तर सेवाको लगर सदा चलिरहन्छ। जस्तो निरन्तर योगी हौ, त्यसैगरी निरन्तर सेवाधारी। निरन्तर सेवाधारीले सेवाको श्रेष्ठ फल निरन्तर खान्छन् र खुवाउँदै रहन्छन् अर्थात् स्वयं पनि सदा फल खाँदै प्रत्यक्ष स्वरूप बन्छन्।

पद्मापद्म भाग्यवान आत्मा सदा पद्म आसन निवासी अर्थात् कमलपुष्प स्थितिको आसन निवासी हदको आकर्षण र हदको फललाई स्वीकार गर्नमा न्यारा र बाबा तथा ब्राह्मण परिवारको, विश्वको प्यारा। यस्ता श्रेष्ठ सेवाधारी आत्मालाई सर्व आत्माहरूले सदा दिलको स्नेहको खुशीको पुष्प चढाउँछन्। स्वयं बापदादा पनि यस्ता निरन्तर सेवाधारी पद्मापद्म भाग्यवान आत्मा प्रति स्नेहको पुष्प चढाउनु हुन्छ। पद्मापद्म भाग्यवान आत्मा सदा आफ्नो चम्किलो भाग्यको सिताराद्वारा अन्य आत्माहरूलाई पनि भाग्यवान बनाउने प्रकाश दिन्छन्। बापदादा यस्ता भाग्यवान बच्चाहरूलाई हेरिरहनु भएको छ। चाहे टाढा छन्, चाहे सम्मुख छन् तर सदा बाबाको दिलमा समाहित छन्। त्यसैले समान सो समीप रहन्छन्। अब आफूले आफैं सँग सोध– म कुनचाहिँ भाग्यवान हुँ? आफूले आफैंलाई त जान्न सक्छौ नि? अरूले भनेको मान वा नमान तर स्वयंलाई सबै जान्दछौ– म को हुँ! बुझ्यौ? फेरि पनि बापदादा भन्नुहुन्छ– भाग्यहीनबाट भाग्यवान त बन्यौ। अनेक प्रकारको दु:ख-दर्दबाट त बच्यौ। स्वर्गको मालिक त बन्यौ। एउटा छ स्वर्गमा आउनु। दोस्रो छ राज्य अधिकारी बन्नु। आउनेवाला त सबै हौ तर कहिले र कहाँ आउँछौ, यो स्वयंलाई सोध। बापदादाको रजिस्टरमा स्वर्गमा आउने लिस्टमा त नाम आयो। दुनियाँ भन्दा त यो राम्रो हो। तर अति राम्रो चाहिँ होइन। त्यसैले के गर्नेछौ? कुनचाहिँ जोन नम्बरवन आउँछ? हर जोनको विशेषता आ-आफ्नो छ।

महाराष्ट्रको विशेषता के छ? जान्दछौ? महान् त हौ नै तर विशेष विशेषता के गाइएको छ? महाराष्ट्रमा गणपतिको पूजा धेरै हुन्छ। गणपतिलाई के भनिन्छ? विघ्न विनाशक। जुन पनि कार्य आरम्भ गर्दा पहिला गणेशाय नम: भन्छन्। त्यसैले महाराष्ट्रवाला के गर्नेछौ? हर महान् कार्यमा श्री गणेश गर्नेछौ। महाराष्ट्र अर्थात् सदा विघ्न विनाशक राष्ट्र। त्यसैले सदा विघ्न विनाशक बनेर स्वयं र अन्यप्रति यही महानतालाई देखाउने छौ! महाराष्ट्रमा विघ्न हुनु हुँदैन। सबै विघ्न विनाशक बनुन्। आओस् तर टाढाबाटै नमस्कार गरोस्। के यस्तो विघ्न विनाशक ग्रुप ल्याएका छौ! महाराष्ट्रलाई सदा आफ्नो यस महानतालाई विश्वको अगाडि देखाउनु छ। विघ्न सँग डराउनेवाला त छैनौ नि। विघ्न विनाशक ललकार गर्नेवाला हुन्छन्। त्यसैपनि महाराष्ट्रमा बहादुरी देखाउँछन्। अच्छा–

यू.पी. वाला के कमाल देखाउनेछौ? यू.पी. को विशेषता के छ? तीर्थ पनि धेरै छन्, नदीहरू पनि धेरै छन्, जगतगुरु पनि त्यहाँ नै छन्। चार कुनामा चार जगतगुरु छन् नि। महामण्डलेश्वर यू.पी. मा धेरै छन्। हरिको द्वार यू.पी. को विशेष हो। त्यसैले हरिको द्वार अर्थात् हरिको पास जाने द्वार बताउनेवाला सेवाधारी यू.पी. मा धेरै हुनु पर्छ। जस्तो तीर्थ स्थानको कारण यू.पी. मा पण्डा धेरै छन्। ती त खाने-पिउनेवाला हुन् तर तिमी हौ सच्चा बाटो बताउनेवाला रूहानी सेवाधारी पण्डा, जो बाबा सँग मिलाउनेवाला हौ। बाबाको नजिक ल्याउनेवाला हौ। यस्ता पाण्डव सो पण्डा यू.पी. मा विशेष छन्। यू.पी. लाई विशेष यो पाण्डव सो पण्डाको प्रत्यक्ष रूप देखाउनु छ। बुझ्यौ!

मैसुरको विशेषता के छ? त्यहाँ चन्दन पनि छ र विशेष गार्डेन पनि छ। त्यसैले कर्नाटकले विशेष सदा रूहानी गुलाब, सदा खुशबूदार चन्दन बनेर विश्वमा चन्दनको सुगन्ध भन वा रूहानी गुलाबको सुगन्ध भन, विश्वलाई गार्डेन बनाउनु छ र विश्वमा चन्दनको सुगन्ध फैलाउनु छ। चन्दनको तिलक दिएर खुशबूदार र शीतल बनाउनु छ। चन्दन शीतल पनि हुन्छ। त्यसैले सबै भन्दा रूहानी गुलाब कर्नाटकबाट निस्कन्छ नि। यो प्रत्यक्ष प्रमाण ल्याउनु छ।

अब सबैले आ-आफ्नो विशेषताको प्रत्यक्ष रूप देखाउनु छ। सबै भन्दा फक्रिएका खशबूदार रूहानी गुलाब ल्याउनु पर्ने छ। ल्याएका पनि छौ, केही-केही ल्याएका छौ तर गुच्छा ल्याएका छैनौ। अच्छा–

विदेशको महिमा त धेरै सुनाएको छु। विदेशको विशेषता छ– डिटैच पनि धेरै जोडले हुन्छन् भने अटैच पनि जोडले हुन्छन्। बापदादा विदेशी बच्चाहरूको न्यारा र प्यारापन देखेर हर्षित हुनु हुन्छ। त्यो जीवन त बितिहाल्यो। जति फँसेका थियौ त्यति नै अब न्यारा पनि भयौ। त्यसैले विदेशको न्यारा र प्यारापन बापदादालाई पनि प्यारो लाग्छ। त्यसैले विशेष बापदादा पनि याद-प्यार दिइरहनु भएको छ। आफ्नो विशेषतामा समाहित छौ! यस्तो न्यारा र प्यारा छौ हैन? मोह त छैन नि। फेरि पनि हेर विदेशी अतिथि भएर घरमा आएका छौ त्यसैले अतिथिलाई सदा अगाडि गरिन्छ। भारतवासीलाई विदेशीहरू देखेर विशेष खुशी हुन्छ। कैयौं यस्ता गेष्ट हुन्छन् जो होस्ट (मालिक) बनेर बस्छन्। विदेशीहरूको सदा यही चाल रहेको छ। गेस्ट बनेर आउँछन् र होस्ट बनेर बस्छन्। फेरि पनि अनेक पर्खालहरूलाई तोडेर बाबाको पासमा अर्थात् तिम्रो पासमा आएका छन्। त्यसैले "पहिला हजुर" त गर्छौ नि। यसो त भारतको विशेषता आफ्नो, विदेशको विशेषता आफ्नो छ। अच्छा–

सबै पद्म आसनधारी पद्मापद्म भाग्यवान, सदा हर सेकेन्ड, हर संकल्पमा निरन्तर ८४ घण्टावाला देवी प्रसिद्ध छ। त्यसैले अब ८४ घण्टा बजाउँछौ वा अझ अरू कुनु पर्ला! विदेशमा त डरले बाँचिरहेका छन्। तब कहिले घण्टा बजाउनेछौ। विदेशले बजाउँछ वा देशले बजाउँछ। ८४ अर्थात् चारैतर्फको घण्टा बजोस्। जब समाप्तिमा आरती गर्छन्, तब जोड-जोडले घण्टा बजाउँछन् अनि समाप्ति हुन्छ। आरती हुनु अर्थात् समाप्ति हुनु। त्यसैले अब के गर्नेछौ?

सबै पदम आसनधारी, पद्मापद्म भाग्यवान, सदा हर सेकेन्ड, हर संकल्पमा निरन्तर सेवाधारी, सदा विशाल दिल बनेर सर्व खजानाहरूलाई दिनेवाला, मास्टर दाता, सदा स्वयंको सम्पन्नताद्वारा अरूलाई सम्पन्न बनाउनेहरू, श्रेष्ठ भाग्य अधिकारी, सदा श्रेष्ठ सबूत दिनेवाला सपूत बच्चाहरूलाई बापदादाको याद-प्यार एवं नमस्ते। रूहानी बच्चाको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**पंजाब निवासीहरू प्रति:** – बाबा बस्नु भएको छ त्यसैले सोच्ने पनि आवश्कता छैन, जे हुन्छ त्यो कल्याणकारी छ। तिमी त सबैका हौ। न हिन्दु हौ, न सिक्ख हौ। बाबाका हौ त्यसैले सबैका हौ। पाकिस्तानमा पनि यही भन्थे नि– तिमी त अल्लाहका मानिस हौ, तिम्रो कुनै कुरासँग कनेक्शन छैन त्यसैले तिमी ईश्वरका हौ, अरू कसैका होइनौ। जेसुकै होस् डराउनेवाला होइनौ। जतिसुकै आगो लागोस् बिरालोको बच्चा त सुरक्षित रहन्छन् तर जो योगयुक्त छन् तिनै सुरक्षित रहन्छन्। यस्तो होइन– भन्ने म बाबाको हुँ र याद गर्ने अरूलाई! यस्तोलाई मदत मिल्ने छैन। नडराऊ, नआत्तिऊ, अगाडि बढ। यादको यात्रामा, धारणाहरूमा, पढाइमा सबै विषयमा अगाडि बढ। जति अगाडि बढ्नेछौ, त्यति सहज प्राप्ति गरिरहने छौ।

२) सबैले आफूलाई यस सृष्टि ड्रामामा विशेष पार्टधारी सम्झन्छौ? कल्प पहिलाको आफ्नो चित्र अहिले देखिरहेका

छौ नि! यही ब्राह्मण जीवनको आश्चर्य हो। सदा यही विशेषतालाई याद गर– के थियौं र के बन्यौं। कौडीबाट हीरातुल्य बन्यौं। दु:खी संसारबाट सुखको संसारमा आयौं। तिमीहरू सबै यस ड्रामाको हीरो हीरोइन कलाकार हौ। एक एक ब्रह्माकुमार कुमारी बाबाको सन्देश सुनाउने सन्देशी हौ। भगवानको सन्देश सुनाउनेवाला सन्देशी कति श्रेष्ठ हौ! त्यसैले सदा यही कार्य निमित्त अवतरित भएका हौं। माथिबाट तल आएका हौं यो सन्देश दिन– यही स्मृतिले खुशी दिन्छ। यही आफ्नो कर्तव्य सदा याद राख– खुशीको खानीको मालिक हुँ। यही तिम्रो टाइटल हो।

३) सदा आफूलाई संगमयुगी श्रेष्ठ ब्राह्मण आत्मा अनुभव गर्छौ? सच्चा ब्राह्मण अर्थात् सदा सत्य बाबाको सत्य परिचय दिने, ब्राह्मण आत्मा हुँ– यही नशा रहोस्। ब्राह्मण देवताहरू भन्दा पनि श्रेष्ठ हौ त्यसैले ब्राह्मणहरूको स्थान शिरमा देखाउँछन्। चोटी भएका ब्राह्मण अर्थात् उच्च स्थितिमा रहनेवाला। उच्च रहेमा तल सबै सानो हुन्छन्। कुनै पनि कुरा ठूलो लाग्दैन। माथि बसेर तलको चीज हेर्दा सानो लाग्छ। कहिलेकाहीँ कुनै ठूलो लाग्छ भने त्यसको कारण तल बसेर हेर्छौ। माथिबाट हेरेमा मेहनत गर्नु पर्दैन। त्यसैले सदा याद राख– चोटी ब्राह्मण हौं। यस्तो सम्झेमा ठूलो समस्या पनि सेकेन्डमा सानो हुन जान्छ। समस्या देखि आत्तिनु छैन, पार गर्नेवाला, समस्याको समाधान गर्नेवाला हौ। अच्छा।

**आज बिहान (१८-०४-८४) अमृतबेला एक भाइले हर्टफेल का  कारण आफ्नो पुरानो शरीर मधुवनमा छोडे ,  त्यस समय अव्यक्त बापदादाले उच्चारण गर्नु भएको महावाक्य :–**

सबै ड्रामाको हर दृश्यलाई साक्षी भएर हेर्ने श्रेष्ठ आत्मा हौ नि! कुनै पनि दृश्य जुन पनि ड्रामामा हुन्छ त्यसलाई भनिन्छ कल्याणकारी। कुनै नौलो कुरा होइन। (उहाँको लौकिक भाउजु सँग) के सोचिरहेकी छौ? साक्षीपनको सीटमा बसेर सबै दृश्य हेर्नाले आफ्नो पनि कल्याण छ र त्यस आत्माको पनि कल्याण छ। यो त थाहा छ नि! यादमा शक्ति रूप हौ। शक्ति सदा विजयी हुन्छन्। विजयी शक्ति रूप बनेर सारा पार्ट खेल्नेवाला। यो पनि पार्ट हो। पार्ट खेल्दा कहिल्यै पनि अरू कुनै संकल्प नगर्नु। हर आत्माको आ-आफ्नो पार्ट छ। अहिले त्यस आत्मालाई शान्ति र शक्तिको सहयोग देऊ। यतिका धेरै दैवी परिवारको सहयोग प्राप्त भइरहेको छ, त्यसैले सोच्ने कुनै कुरा नै छैन। महान् तीर्थ स्थान हो नि! महान् आत्मा हो, महान् तीर्थ हो। सदा महानता नै सोच। सबै यादमा बसेका छौ नि! एक लाडला बच्चा, आफ्नो यस पुरानो शरीरको हिसाब पूरा गरेर आफ्नो नयाँ शरीरको तयारीमा गयो। त्यसैले अहिले सबै त्यो भाग्यवान आत्मालाई शान्ति, शक्तिको सहयोग देऊ। यही विशेष सेवा हो। किन, केमा नजाऊ। स्वयं पनि शक्ति स्वरूप बनेर विश्वमा शान्तिको किरणहरू फैलाऊ। श्रेष्ठ आत्मा हो, कमाइ गर्नेवाला आत्मा हो त्यसैले कुनै सोच्ने कुरा छैन। बुझ्यौ!

**वरदान:–** **फरिश्ता स्वरूपको स्मृतिद्वारा बाबाको छत्र छा या ँ को अनुभव गर्ने विघ्नजीत भव**

अमृतबेला उठ्नासाथ स्मृतिमा ल्याऊ– म फरिश्ता हुँ। ब्रह्मा बाबालाई यही मन पर्ने उपहार देऊ, तब हर दिन अमृतबेला बापदादाले तिमीलाई आफ्नो भुजामा अंकमाल गर्नु हुन्छ। अनुभव गर्नेछौ– बाबाको भुजामा, अतीन्द्रिय सुखमा झुलिरहेको छु। जो फरिश्ता स्वरूपको स्मृतिमा रहन्छन्, उनको सम्मुख कुनै परिस्थिति वा विघ्न आए तापनि बाबा छत्रछायाँ बनिदिनु हुन्छ। त्यसैले बाबाको छत्रछायाँ वा प्यारको अनुभव गर्दै विघ्नजीत बन।

**स्लोगन:–** सुख स्वरूप आत्माले स्व-स्थितिबाट परिस्थिति माथि सहज विजय प्राप्त गर्छन्।